आज मिति २०८२ चैत्र २२ गते आइतबार दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८२/०८३ को गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

उपस्थिति:

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री डवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री डिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री विकेन पौडेल | सचिव | |

आमन्त्रित

राज कुमार खत्री- लेखा अधिकृत।

गोबिन्द बस्नेत- जिन्सी शाखा।

कल्यान भुजेल- कार्यालय सहयोगी।

प्रस्तावहरुः

१. सुरक्षित आप्रावासन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा।
२. पाँच सय्या अस्पतालको चौथो रनिङ बिल भुक्तानी सम्बन्धमा।
३. लिंखु खोला सडक स्तरोन्नतिको अन्तिम बिल भुक्तानी सम्बन्धमा।
४. कन्सल्टेन्ट सेवा लिने सम्बन्धमा।
५. गाडी मर्मत सम्बन्धमा।
६. गाउँपालिका स्तरीय भलीबल प्रतियोगिताको भुक्तानी सम्बन्धमा।
७. राष्ट्रपति रनिङसिल्डको भुक्तानी सम्बन्धमा।
८. विद्यालयमा सञ्चालित कक्षाहरु घटाउने सम्बन्धमा।
९. प्रदेशमा आयोजना बैंकमा आयोजना माग गर्ने सम्बन्धमा।
१०.आर्थिक सहायता सम्बन्धमा।
११.विद्युतिय पोल माग गर्ने सम्बन्धमा।
१२.सडक सरसफाईको भुक्तानी सम्बन्धमा।
१३. अलैंचीबारीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालन सम्बन्धमा।
१४.कार्यालय प्रमुखको विदा स्विकृति सम्बन्धमा।

निर्णयहरुः

१. प्रस्ताव नम्वर १ उपर छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट मिति२०८२\१२\०९ चलानी नं २४६ बमोजिम प्राप्त पत्र बमोजिम हालसम्म यस गाउँपालिकामा सामी कार्यक्रम सञ्चालन नभएकोले स्थानीय तहबाट व्यहोर्ने रकम साझेदारी गर्न प्रतिवद्धता रहेको विषय सर्वसम्मतले पारित गरियो।
२. प्रस्ताव नं २ माथि छलफल गर्दा लिखु पिके गाउँपालिकामा निर्माणाधिन पाँच सय्या आधारभूत अस्पतालको चौथो रनिङ बिलमा कूल एक करोड बहत्तर लाख बाउन्न हजार चालिस रुपैंया भुक्तानीका लागी निबेदन पेश गरेकोमा अनुगमन समितिको संयोजक सहित अनुगमन समितिबाट अनुगमन भई प्राविधिकबाट जारी भएको प्राविधिक प्रतिवेदन समेतका

आधारमा  लागत अनुमान बमोजिम काम भएको पाइएकोले संघीय सरकारबाट आएको रू १ कोरड चार लाख भुक्तानी गर्न कार्यपालिकामा पेश भएकोमा सो रनिङ बिल बमोजिमको भूक्तानी गर्न मनासिब देखिएकोले  कार्यालयलाई  भूक्तानी गर्न निर्देशन दिइयो साथै काम निर्धारित समयमै सम्पन्न गर्न निर्माण व्यवसायीलाई पत्रचार गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१\८२ मा ठेक्का आव्हान गरेकोमा काम सम्पन्न गर्न नसकेकोले गाउंकार्यपालिकाको मिति २०८२\०३\२४ को निर्णय बमोजिम म्याद थप गरेकोमा सम्वन्धित निर्माण व्यवसायीवाट भुक्तानीका लागि निवेदन पेश भएको, सो सम्बन्धमा गाउँपालिकास्तरीय अनुगमन समितिबाट अनुगमन गर्दा कामको गुणस्तर सन्तोषजनक नभएको पाइएको, कम गुणस्तर भएको काम कटाइ भुक्तानी गर्न सिफारिस भएको, सम्बन्धमा प्राविधिकबाट जारी भएको अन्तिम बिलमा २•१•१ को जम्मा १२ घ.मि. को ६०० का दरले ७२,००० र १.५•१•१ को ९ घ.मी. को ५८०० का दरले ५२,२०० गरी जम्मा रू १,२४,२००  कटौति गर्न उपयुक्त हुने भनी प्राविधिक शाखाको टिप्पणि उठेकोले सो रकम कट्टा गरी बिल भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिइयो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँपालिकाको निर्माणाधिन संरचनाको बिल एकिन गर्न आवश्यकता अनुसार कनसल्टेन्ट सर्भिस लिनलाई कार्यालयलाई निर्देशन दिइयो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस कार्यालयको अध्यक्ष तथा उपाध्यक्ष ज्यूले प्रयोग गर्ने गाडी मर्मत तथा गाउँपालिकाको सेवामा कार्यरत एम्बुलेन्स मर्मत गरेको देहाय बमोजिमको रकम भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिइयो।

क. वा.२.झ. ३६८७ (स्कर्पियो) २,३५,३६७.९३ रुपैंया।

ख. प्रदेश १-०२-००१ झ ०७६३(एम्वुलेन्स) ३,४४,,९७५.५५ रुपैया।

ग. वा.प्र.-१-०२-००१झ ०८२५(वोलेरो) ३,२०,९०५.९९ रुपैया।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा गाउँपालिकामा सञ्चालन भएको भलिवल प्रतियोगिताको भुक्तानीका लागी निवेदन पेश भएकोमा आवश्यक प्रक्रिया पुरा गरी भुक्तानी गर्न निर्णय गरियो।

७. प्रस्ताव नं ६ माथि छलफल गर्दा गाउँपालिका स्तरीय राष्ट्रपति रनिङसिल्ड  मिति २०८२\०९\२४ देखि २७ गतेसम् सम्पन्न भएको, सो प्रतियोगिता सञ्चालन गर्न २०८२\०९\१४ गतेको कार्यपालिका निर्णय बमोजिम गठित खेलकुद विकास समितिबाट

सञ्चालन भएको र काम सम्पन्न भएको भनी कार्यालयमा निवेदन पेश गरेकोले सो बमोजिमको भुक्तानी गर्न कार्यालयलाई निर्देशन गरियो।

८. प्रस्ताव नं ८ माथी छलफल गर्दा शिक्षा समितिबाट पेश भएको विद्यालयमा सञ्चालित कक्षाहरु घटाउने सम्वन्धी प्रस्ताव सर्वसम्मतले पारित गरियो।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा तपशिलका योजनाहरु आयोजना बैंकमा प्रविष्ट गरी प्रदेश सरकारमा माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

तपशिलः

क. सडक तथा पुल

१. लिखु खोला-काफ्लेचौर- लाममाने सडक कालोपत्रे (विशेष अनुदान)

२. वडा नं ४ र ५ जोड्ने किन्जा खोला मोटरेवल पुल

३. मैलि दोभान मोटरेवल पुल वडा नं २ र वडा नं ८ खिजिदेम्वा गा.पा. जोड्ने पुल

ख. भवन

१. गोलि काप्ति शेर्पा समाज सेवा केन्द्र भवन

ग. झोलुङ्गे पुल

१. लिखु खोला पलाम्चे रोशि झोलुङ्गे पुल (लिखु पिके गा.पा र उमाकुण्ड जोड्ने)

२. लिखु खोला नाम्जाङ कोरेम झोलुङ्गे पुल (लिखु पिके गा.पा र उमाकुण्ड जोड्ने)

घ. सिंचाई

१. कालिदह बगर ठुलो ढुङ्गा छरछरे मुहान वडा नं. ४

ङ. शिक्षा तथा स्वास्थ्य सम्बन्धी भौतिक पुर्वाधार

१. हिमगंगा मा.वि भवन

च. खेलकुद सम्वन्धि भौतिक पुर्वाधार

१. गाउँपालिका स्तरीय खेल मैदान

२. गाउँपालिका स्तरीय कवर्डहल वडा नं ३

छ. खानेपानी आयोजना

१. मैली खानेपानी आयोजना वडा नं. २

ज. पर्यटन प्रवर्द्धन सम्वन्धि पुर्वाधार

१. सापे बुके पोम्दोक चिल्ड्रेन पार्क

झ. धार्मिक सांस्कृतिक क्षेत्रका पुर्वाधार

१. डुंडा बौद्ध स्तुपा पुर्ननिर्माण

ञ. कृषि व्यवसाय प्रवर्द्धन पुर्वाधार

१. चिस्यान केन्द्र निर्माण लिखु पिके-३

ट. सहरी क्षेत्रको ढल तथा नालि निर्माण

१. काफ्लेचौर ढल व्यवस्थापन

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा मुटु रोग लागी विरामी हुनुभएका माप्य दुधकोशी गाउँपालिकाका रस्मिता मगरलाई उपचारका लागि रु २०,००० आर्थिक सहयोग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा लिखुपिके गाउँपालिका क्षेत्रभित्र यस गाउँपालिकाको ४०६८ मिटरको उचाईमा रहेको पर्यटकीय क्षेत्रसहित यस गाउँपालिकाको क्षेत्रभित्र शाखा लाइनका लागि करिब ५०० थान विघुतिय पोल तथा करिब १०० थान विघुतीय लाइन आवश्यक रहेकोले नेपाल विघुत प्राधिकरणमा माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

१२. प्रस्ताव नं १२ माथि छलफल गर्दा यस लिखु पिके गाउँपालिका क्षेत्रभित्र साउन देखी पुष मसान्तसम्म विभिन्न विपदका बेला सडक सरसफाइका लागी गाउँपालिकाले निकालेको सुचनामा जिरी निर्माण सेवाले जे.सि.बी. सेवा गाउँपालिकालाई प्रदान गर्ने गरी सम्झौता भएकोमा हालसम्म दुई किस्ता भुक्तानी भएको, जे.सि.बी. प्रयोग गरेको लग सिट रहेको, सम्वन्धित वडाबाट सिफारिसपत्र समेतका आधारमा प्राविधिकबाट जारी भएको बीलका आधारमा अन्तिम रू ८,१४,७६० भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिइयो।

१३. प्रस्ताव नं १३ माथि छलफल गर्दा अँलैचीबारीको नयाँ पकेट विकास कार्यक्रम यस गाउँपालिकाको वडा नं २, ३, ४ मा वितरण गर्ने गरी १५ दिने सूचना निकाल्ने निर्णय सर्वसम्मतले पारित गरियो।

१४. प्रस्ताव नं १४ माथि छलफल गर्दा यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृतको अत्यावश्यक कामले गर्दा विदामा वस्नुपर्ने भनी निवेदन पेश गर्नु भएकोमा निजको २०८३ वैशाख २ गतेबाट लागुहुने गरी २०८३ वैशाख २० गतेसम्मको विदा स्वीकृत गर्ने निर्णय सर्वसम्मतले पारित गरियो। साथै, यस कार्यालयको दैनिक प्रशासनिक क्रियाकलाप सञ्चालन

गर्नका लागी रमेश  कुमार कार्कीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइने निर्णय पारित गरियो।